# रेडप्लसमा लैङ्गिकता

## समुदायस्तरमा काम गर्ने सहजकर्ताहरुका लागि हातेपुस्तिका

### प्रश्न तथा उत्तरहरु



RECOFTC
THE CENTER FOR PEOPLE AND FORESTS

**रेडप्लसमा लैङ्गिकता: समुदायस्तरमा काम गर्ने सहजकर्ताहरुका लागि हातेपुस्तिका प्रश्न तथा उत्तरहरु**

**सर्बाधिकार ©** जनता र वनका लागि केन्द्र (रिकफ्ट) नोभेम्वर २०१३

**नेपालीमा अनुवाद:** हरिशरण लुईंटेल र विष्णुहरि पौड्याल

सम्पुर्ण तस्विरहरु जनता र वनका लागि केन्द्र (रिकफ्ट) वाट लिइएका हुन् ।

स्रोत पूर्णरूपमा खुलाइएको अवस्थामा शैक्षिक र गैरव्यापारिक प्रयोजनका लागि पूर्व लिखित अनुमतिविना नै यसको पुन: प्रकाशन अख्तियार गरिएको छ। पुन: विक्री र अन्य व्यापारिक प्रयोजनका लागि यस प्रकाशनको पुन: प्रकाशन यसका प्रकाशकको लिखित अनुमतिविना पूर्णत: निषेध गरिएको छ ।

यो प्रकाशन नर्बेली विकास सहकार्य नियोग (नोराड)को आर्थिक सहयोगमा जनता र वनका लागि केन्द्र (रिकफ्ट) द्धारा सञ्चालित एशिया क्षेत्रका स्थानीय सरोकारवालाहरूको रेडप्लसमा क्षमता अभिवृद्धि (Grassroots Capacity Building for REDD+ in Asia) परियोजनाले तयार पारेको हो । यस प्रकाशनमा व्यक्त विचारहरु जनता र वनका लागि केन्द्र (रिकफ्ट), लैंगिकता र जलवायु सम्वन्धि विश्व सञ्जाल (जिजिसिए) तथा नोराडका विचारहरु नहुन पनि सक्छन् ।

# कृतज्ञता

स्थानीय सरोकारवालाहरूको रेडप्लसमा क्षमता अभिवृद्धि परियोजना सञ्चालनका लागि आर्थिक सहायता उपलब्ध गराएकोमा नर्बेली विकास सहयोग नियोग (नोराड) र यस प्रकाशनको पुनरावलोकन गरी वहुमुल्य सुझावसमेत दिएर सहयोग गरेकोमा लैङ्गिकता र जलवायु सम्वन्धी विश्व सञ्जाल (जिजिसिए)लाई जनता र वनका लागि केन्द्र (रिकफ्ट) हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

# यस प्रकाशनको उद्देश्य

यस पुस्तिकाको प्रमुख उद्देश्य जलवायु परिवर्तन तथा रेडप्लसबारे सामान्य जानकारी भएका स्थानीय प्रशिक्षक तथा सहजकर्ताहरूलाई ती विषयहरूमा तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू गर्दा लैङ्गिकताबारे के के कुराहरू थाहा पाउन र ध्यान दिन आवश्यक छ भन्ने कुराका बारेमा जानकारी उपलब्ध गराउनु रहेको छ ।

यो पुस्तिका जनता र वनका लागि केन्द्र (रिकफ्ट)को एसिया प्यासिफिक क्षेत्रीय स्तरमा सञ्चालित रेडप्लस (वन विनास तथा वन क्षयीकरण कम गरी उत्सर्जन कम गराउने र वनको संरक्षण तथा दिगो व्यवस्थापन गरी कार्बन सञ्चिती गराउने) का लागि स्थानीय क्षमता अभिवृद्धि परियोजनाको उत्पादन हो । सन् २००९ देखि रिकफ्टले चारवटा राष्ट्रहरू-इन्डोनेसिया, लाओ पीडीआर, नेपाल र भियतनाममा सञ्चालन गर्दै आइरहेको यस परियोजनामा सन् २०१३ जनवरीबाट म्यान्मार पनि परियोजनाको पाँचौं लक्षित राष्ट्रको रूपमा थपिएको छ । रेडप्लस एउटा भर्खरै शुरु भएको अन्तर्राष्ट्रिय संयत्र मात्र नभई यसको अवधारणा प्राविधिक दृष्टिकोणले जटिल हुनाको साथै धरैजसो स्थानीय सरोकारवालाहरू यसबारे अनबिज्ञ छन् । स्थानीय स्तरका विभिन्न सरोकारवालाहरूलाई सरल भाषामा रेडप्लससम्बन्धी आधारभूत जानकारी तथा ज्ञान दिई उनीहरूलाई यस विषयका सवालहरू सजिलैसँग बुझ्न सक्ने बनाउनु यस परियोजनाको मुख्य उद्देश्य हो ।

हाल स्थानीय तथा अन्तर्राष्ट्रिय स्तरमा बनाइँदै गरिएका रेडप्लस सम्बन्धी नीति, योजना, कार्यक्रम तथा अभ्यासहरू एकीकृत लैंगिक दृष्टिकोणले कस्ता छन् भन्नेबारे स्थानीय समुदायलाई सरल भाषामा सूचना उपलब्ध गराउने उद्देश्यले परियोजना लागू भएका राष्ट्रहरूको राष्ट्रिय भाषामा यो पुस्तिका प्रकाशन गर्ने लक्ष्य राखिएको हो । त्यस्तै यस पुस्तिकाको व्यापक वितरणद्वारा स्थानीयतहका सहजकर्ता तथा अभ्यास कर्ता र माथिल्लो तहका नीति निर्माता, अनुसन्धानकर्ता र शैक्षिक तथा बौद्धिक समुदाय माझ सूचनाको खाडल कम गर्ने लक्ष्य पनि राखिएको छ । नेपालीमा तयार भएको यो प्रश्नोत्तर पुस्तिका अंग्रेजीमा तयार भएको "Gender in REDD+: A hand book for grassroots facilitators" बाट अनुवाद गरी नेपाल सान्दर्भिक बनाइएको हो ।

# पुस्तिकाको संरचना

यस पुस्तिकामा जलवायु परिवर्तन तथा रेडप्लसमा लैङ्गिकताबारे दशवटा प्रश्न तथा तिनका उत्तरहरू समावेस गरिएका छन् । यी प्रश्नहरूको छनौट लैङ्गिक मूलप्रवाहीकरण र जलवायु परिवर्तन तथा रेडप्लस सचेतना अभिवृद्धिबारे परियोजना लागू भएका राष्ट्रहरूमा सरोकारवालाहरूसँग भएका छलफल तथा सिकाइमा आधारित रहेर गरिएको हो । स्थानीय तालिमका सहभागीहरूले बारम्बार उठाइराखेका प्रश्न तथा तिनका उत्तरहरू पुस्तिकामा समेटिएकोले यस पुस्तिकाले स्थानीय स्तरमा आवश्यक क्षमता अभिवृद्धिको मागलाई समेत सम्बोधन गर्ने प्रयास गर्दछ । उत्तरका लागि चयन गरिएका प्रश्नहरू तल उल्लेखित चार भागमा विभाजित गरिएका छन् ।

**खण्ड १:** आधारभूत पक्ष खण्डमा जलवायु परिवर्तन र रेडका सन्दर्भमा लैङ्गिकताबारे विशेष बुझाइको विकासका लागि लैङ्गिकता, लैङ्गिक मूलप्रवाहीकरण र लैङ्गिक समानता सम्बन्धी परिभाषाहरू समेटिएका छन् ।

**खण्ड २:** जलवायु परिवर्तन र रेडप्लस खण्डमा जलवायु परिवर्तन र रेडप्लससम्बन्धी क्षमता अभिवृद्धिमा लैङ्गिक मूलप्रवाहीकरण किन आवश्यक पर्दछ भन्नाको साथै यसका लागि विचार गर्नुपर्ने महत्वपूर्ण कुराहरू समेटिएका छन् ।

**खण्ड ३:** नीति तथा योजना खण्डमा लैङ्गिक समानताका लागि जलवायु परिवर्तन र रेडप्लससम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा भएका प्रचलित नीतिगत तथा संस्थागत पहलका साथै परियोजना कार्यान्वयन भएका राष्ट्रहरूमा भईरहेका छलफलहरूलाई समेटिएको छ ।

**खण्ड ४:** क्षमता विकासखण्डमा सहजकर्तालाई लैङ्गिकतासम्बन्धी स्थानीय स्तरमा तालिम कार्यक्रमहरू आयोजना गर्दा के कस्ता कुराहरूलाई ध्यान दिनुपर्छ भन्ने कुराका साथै परियोजना लागू भएका राष्ट्रहरूमा यस्ता कुराहरू कसरी सम्बोधन गरिएको छ भन्ने कुराको जानकारी समेटिएको छ ।

# दश प्रमुख प्रश्नहरू





## खण्ड १ः आधारभूत पक्ष

**प्रश्नः १** लैङ्गिकता र लैङ्गिक मूलप्रवाहीकरण भनेको के हो ?


**प्रश्नः २** जलवायु परिवर्तनले कसरी महिला र पुरुषलाई फरक फरक तरिकाले प्रभाव पारेको छ ?


**प्रश्नः ३** किन महिलाहरू जलवायु परिवर्तनका कारण अझ बढी जोखिममा हुन्छन् ?

## खण्ड २ः जलवायु परिवर्तन र रेडप्लस

**प्रश्नः ४** जलवायु परिवर्तन तथा रेडप्लसलाई किन लैङ्गिक दृष्टिले समावेशी बनाउन आवश्यक छ ?

**प्रश्नः ५** स्थानीय तहमा जलवायु परिवर्तन तथा रेडप्लसमा महिला र पुरुष दुबैको भूमिका बलियो पार्नका लागि लैङ्गिकतासम्बन्धी के-के कुरालाई मध्यनजर गर्नुपर्दछ ?





## खण्ड ३: नीति तथा योजना

**प्रश्न: ६** मानवअधिकार तथा लैङ्गिक समानता प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय स्तरमा के कस्ता नीतिगत खाका तथा संयन्त्र छन् ?


**प्रश्न: ७** अन्तर्राष्ट्रिय स्तरमा जलवायु परिवर्तन तथा रेडप्लसका सन्दर्भमा लैङ्गिक सवालहरूलाई सम्बोधन गर्नका लागि के कस्ता पहलहरू भएका छन् ?

**प्रश्न: ८** परियोजना कार्यान्वयन भएका राष्ट्रहरूमा जलवायु परिवर्तन, रेडप्लस तथा लैङ्गिकतासम्बन्धी राष्ट्रियस्तरमा के कस्ता योजना तथा नीतिहरू छन्

## खण्ड ४: क्षमता विकास

**प्रश्न: ९** स्थानीय तहमा रेडप्लससम्बन्धी सचेतना अभिवृद्धिका कार्यक्रमहरू गर्दा लैङ्गिकताबारे के-के प्रमुख कुराहरूलाई ध्यान

**प्रश्न: १०** रिकफ्टले सञ्चालन गर्दै आएको रेडप्लसमा स्थानीय सरोकारवालाहरूको क्षमता अभिवृद्धि परियोजनाले लैङ्गिक मूलप्रवाहीकरणलाई कसरी आफ्ना क्रियाकलापमा सम्बोधन गरेको छ ?



# खण्ड १: आधारभुत पक्ष

# प्रश्न १

## लैङ्गिकता र लैङ्गिक मूलप्रवाहीकरण भनेको के हो ?

लैङ्गिकता भन्नाले सामाजिक तथा सांस्कृतिक दृष्टिकोणका आधारमा समाजले निर्धारण गरेको पुरुष र महिलाले निर्वाह गर्ने फरकफरक चरित्र, भूमिका, जिम्मेवारी र चालचलन भन्ने बुझिन्छ भने लिङ्गिक भन्नाले जैविकताको आधारमा महिला र पुरुषबीच भएको भिन्नतालाई बुझिन्छ ।

“मूलप्रवाहीकरण” भन्नाले सिमान्तीकृत भएका वर्ग तथा समूहहरूलाई निर्णय लिने प्रक्रियामा सहभागी गराउनु हो ।

यसै सन्दर्भमा लैङ्गिक मूलप्रवाहीकरणले महिला तथा पुरुष दुबैले समान लाभ पाउने गरी उनीहरू दुबैका विचार तथा भूमिकालाई एकिकृत रूपमा नीतिनिर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा समीक्षा गरी सबै तहमा समावेस गराउँछ ।

त्यसैले लैङ्गिक मूलप्रवाहीकरण भन्नाले केवल महिलाको सहभागिता बढाउन मात्र नभएर दुबै महिला तथा पुरुषको अनुभव, ज्ञान तथा रुचिलाई निर्णय लिने प्रक्रियामा मान्यता दिनुका साथै समावेस गर्नु हो (बाकस १) । विकासका सन्दर्भमा लैंगिक मूलप्रवाहीकरणको अर्थ दुबै महिला तथा पुरुषले विकासका कार्यक्रममा प्रभाव पार्न र सहभागी हुनका साथै फाइदा लिनसक्ने किसिमले यसका उद्देश्य, रणनीति तथा कार्यक्रमहरूमा गर्नुपर्ने आवश्यक परिवर्तन पहिचान गरी लागू गर्नु समेतलाई जनाउँछ (बाकस १) ।

दुबै महिला तथा पुरुषबीच भेदभावरहित लाभ र निर्णय लिने प्रक्रिया अवलम्बन भएको न्यायपूर्ण समाजको निर्माण गर्न आवश्यक सामाजिक तथा संस्थागत संरचनाहरूमा सकारात्मक परिवर्तन ल्याउनु नै लैङ्गिक मूलप्रवाहीकरणको अन्तिम उद्देश्य हो ।



## बाकस १ : लैंगिक मूलप्रवाहीकरणका परिभाषा र सिद्धान्तहरू

सन् १९९६ जुलाईमा संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद् (इकोसोक)ले लैङ्गिक मूलप्रवाहीकरणको अवधारणालाई यस प्रकार परिभाषित गरेको छ।

लैङ्गिक दृष्टिकोण मूलप्रवाहीकरण भन्नाले महिला र पुरुषलाई प्रभाव पार्ने सबै क्षेत्र र तहमा नियोजित गरिएका कानून, नीति तथा कार्यलगायतले महिला तथा पुरुषलाई केकस्तो प्रभाव पार्छ भन्ने कुराको लेखाजोखा गर्नु हो। यो एउटा राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा नीति तथा कार्यक्रमहरू बनाउने कम (जस्तैः खाका तयार, लागू, अनुगमन तथा मूल्याङ्कनआदि) मा महिला तथा पुरुष दुबैका चासो तथा अनुभवहरूलाई एकीकृत गरेर दुबैले बराबर लाभ पाउने तथा असमानतालाई चिरस्थायी हुन नदिने रणनीति हो। लैंगिक मूलप्रवाहीकरणको अन्तिम उद्देश्य भनेको लैंगिक समानता हासिल गर्नु हो।

लैङ्गिक मूलप्रवाहीकरणका मूलभूत सिद्दान्तहरूः विकाससम्बन्धी सवालहरूमा लैङ्गिक मूलप्रवाहीकरणले तल उल्लेखित सिद्धान्तहरूको पालना गर्नुपर्दछ।

- प्रगतिबारे अनुगमन गर्नका लागि पर्याप्त उत्तरदायित्वको संयत्र विकास गर्न आवश्यक छ।
- जुनसुकै क्षेत्रमा प्रारम्भिक रूपमा लैङ्गिक सवाल तथा समस्याहरू पहिचान गर्ने कार्य गर्दा लैङ्गिक अन्तर तथा भेदभावको पहिचान गर्न सक्ने तरिकाले गर्नु पर्दछ।
- कुनै पनि सवाल तथा समस्या लैङ्गिक समताका आधारमा तटस्थ छ भनी अनुमान गर्नु हुँदैन।
- लैङ्गिक विश्लेषण अनिर्वाय रूपमा गर्नुपर्छ।
- लैङ्गिक अवधारणालाई मूलप्रवाहीकरण गरी व्यवहारमा ल्याउनका लागि पर्याप्त राजनीतिक इच्छा शक्ति तथा आर्थिक र मानवीय स्रोत विनियोजित गरिनुपर्दछ। आवश्यक परेमा थप आर्थिक तथा स्रोत समेत उपलब्ध गराउनुपर्छ।
- लैङ्गिक मूलप्रवाहीकरणका लागि सबै तहका निर्णय प्रक्रियाहरूमा महिलाको समतामूलक सहभागितालाई फराकिलो पार्ने प्रयास आवश्यक छ।
- लैङ्गिक मूलप्रवाहीकरण भन्नाले निश्चय पनि महिलामुखी नीति तथा कार्यक्रम र सकारात्मक कानूनी व्यवस्था हटाउनु होइन। न त लैङ्गिक ईकाइ तथा केन्द्रीय सम्पर्क व्यक्ति हटाउनु नै हो।

**स्रोतः** संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्१९९७, वार्षिक प्रतिवेदन, यूएस्एः संयुक्त राष्ट्रसंघ



# प्रश्न २

## जलवायु परिवर्तनले कसरी महिला र पुरुषलाई फरक–फरक तरिकाले प्रभाव पारेको छ ?

जलवायु परिर्वतनले जात, वर्ग, रंग, जाति तथा लिङ्ग आदिलाई वास्ता नगरी सबैलाई प्रभाव पार्दछ। तर यसको प्रभाव भने फरक-फरक हुनजान्छ। विश्वमा गरिबीको रेखामुनि बाँचेका १.३ अरब जनसंख्या मध्ये करीब ७० प्रतिशत महिलाहरू आफ्नो जीवीकोपार्जनका लागि प्राकृतिक स्रोतमा निर्भर छन् (सोसियल वाच २००७)। त्यसैले यी महिलाहरू जलवायुमा विविधीकरण हुँदा तथा प्राकृतिक प्रकोप आईलाग्दा जोखिममा पर्ने सम्भवना बढी हुन्छ।

समाजमा भएका भेदभाव तथा पूर्वाग्रहका कारण विशेष गरी ग्रामीण क्षेत्रका महिलाहरू झन् बढी जोखिममा पर्न सक्छन्। ग्रामीण क्षेत्रका महिला र पुरुषका निश्चित भूमिका, अधिकार र जिम्मेवारीहरू हुन्छन्। त्यसैगरी महिलाहरूले प्राप्त गर्ने अनुभव पनि उनीहरूका ज्ञान, सीप तथा वनस्रोतको उपभोगका कारण फरकफरक हुन्छन्(बाकस २)। समाजले तोकेका फरकफरक जिम्मेवारीका कारण महिलाहरूको वनस्रोत माथिको पहुँच तथा निर्णय लिने अधिकार पनि फरक फरक हुन्छ।

माथि उल्लेखित कारणहरूले समाजमा महिलापुरुषबीचको सामाजिक तथा आर्थिक अवस्था निर्धारण गर्नुका साथै उनीहरूबीचको गतिशील शक्ति सम्बन्धमा पनि प्रभाव पार्दछन्। त्यसकारण जलवायु परिवर्तनका सन्दर्भमा यसले पार्ने प्रभाव तथा प्राप्त अवसरहरू पनि महिला तथा पुरुषका लागि फरकफरक हुन्छन्।

---

1 United Nations Development Programme. (1995). Human development report 1995. New York: OUP



## बाकस २ः एसिया प्यासिफिकका महिला तथा पुरुषले प्राथमिकतामा राख्ने वन प्रजातिहरू

साधारणतया एसिया प्यासिफिकका महिलाहरू दाउरा, डालेघाँस तथा खाद्यसुरक्षा जस्ता दैनिक आवश्यकता पूर्ति गर्ने बहुउद्देश्यीय प्रजातिका बोटबिरुवालाई प्राथमिकता दिन्छन् । धेरै काठ उत्पादन गर्नेभन्दा हावा रोक्नसक्ने, धेरै हाँगा हुने, प्रजातिका बोटविरुवाहरू मनपराउँछन् । महिलाहरूको काठ तयार पार्ने तथा त्यसको बेचबिखनमा भूमिका नहुने हुनाले उनीहरू आफैं बजारमा लगेर बेच्नसक्ने अन्य प्रजातिका वोटबिरुवाहरू जस्तैःनीम, तितिरी,जडीबुटी, गैरकाष्ठ वन पैदावर (फल, सुपारी, खोटो, मैन र मह)मनपराउँछन् । तर यसक्षेत्रका पुरुषहरूभने बजार मा बढी महत्व भएका काठहरू जस्तैः साल, सल्ला, सगोत्रे, मसाला, एकेसिया, गेमेलिया जस्ता प्रजातिका बोटविरुवाहरूलाई प्राथमिकता दिन्छन् ।

**स्रोतः** *रेडनेट बुलेटिन, एसिया प्यासिफिक, संस्करण-मे २०११*

# प्रश्न ३

## किन महिलाहरू जलवायु परिवर्तनका कारण अझबढी जोखिममा हुन्छन् ?

विभिन्न अध्ययनहरूले देखाएअनुसार जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपले पुरुषको तुलनामा महिलाहरूलाई अझै धेरै असर पार्छ। माथि प्रश्न २ मा उल्लेख गरेझैं विभेदकारी समाजिक चलन, धेरै गरिबी तथा आधारभूत अधिकाररूमा पहुँच सीमित भएकाले महिलाहरू बढी जोखिममा हुन्छन् । दुबै विकसित तथा विकासोन्मुख राष्ट्रहरूमा विगत केही बर्षयता आएका प्राकृतिक प्रकोपले मुख्यतः गरीबहरूलाई बढी प्रभाव पारेको देखिन्छ (बाकस ३)।

**बाकस ३ः महिलामाथि प्राकृतिक प्रकोपको असरः २००४ को सुनामी**

मार्च २००५ मा अक्सफाम नामक अन्तर्राष्ट्रिय संस्थाले प्रकाशित गरेको सन् २००४ को एसियाली सुनामीको प्रभावबारे प्रतिवेदनले सुनामीद्वारा मारिएका र पुनर्स्थापना हुन गाह्रो भएकामध्ये धेरैजसो महिलाहरू भएकाले पनि उक्त क्षेत्रमा लैंगिक असमानता भएको पुष्टि हुन्छ। त्यसैगरी इन्डोनेसियाको आचे भन्ने ठाउँमा मारिएका मध्ये करिब ७५ प्रतिशत महिला थिए भने त्यहाँ बाँचेकामध्ये पुरुष र महिलाको अनुपात ३ : १ थियो । मारिनेमा धेरैजसो आमाहरू भएकाले हाल त्यहाँ शिशु मृत्युदर, छोरीको बालविवाह, छोरीको शिक्षामा वेवास्ता, लैंगिक हिंसा, चेलीबेटी बेचबिखन तथा बेश्यावृत्ती बढ्दो छ।


त्यस्तै विकासोन्मूख राष्ट्रहरूमा मूलतः गरिबीमा बाँचेका महिलाहरूले जलवायु परिवर्तनले ल्याएका प्रभावको असमान ढङ्गले सामाना गर्नुपरेको छ। महिलाहरू स्थानीय प्राकृतिक स्रोतमा बढी निर्भर हुनेगरेका र  समाजमा पछाडि पारिएकाले उनीहरूको घरको कामको बोझ बढ्दो छ। त्यसैगरी उनीहरू पानी, दाउरा, कन्दमूल तथा औषधीमूलक जडिबुटी संकलनका लागि पनि धेरै टाढा हिंड्न बाध्य भएका छन् । बढ्दो कामको बोझका कारण उनीहरूलाई आरामको समय कम हुनाको साथै स्वास्थ्यमा समेत प्रतिकूल असर पर्दछ । जलवायु परिवर्तनका कारण कुनै ठाउँको स्रोतमा कमी आउनुका साथै श्रमबजारमा समेत अस्थिरता आउँछ र पुरुषहरू श्रमको खोजीमा बसाईंसराई गर्न बाध्य हुन्छन्। त्यसले गर्दा महिलाहरूमाथि घरका साथै कृषिको कामको जिम्मेवारी झन् बढ्छ (बाकस ४)।

त्यसैगरी गरीब महिलाहरूको प्राकृतिक स्रोत, नयाँ सीप, ज्ञान तथा प्रविधि र ऋणमा पहुँच तथा नियन्त्रण कम भएकाले उनीहरूसँग मौसमी परिवर्तन तथा प्राकृतिक प्रकोपको सामना गर्नका लागि थोरै मात्र स्रोतसाधन उपलब्ध हुन्छ। परिणामस्वरूप महिलाहरूले निर्वाह गर्ने परम्परागत भूमिका अझै बलियो हुनगई जिविकापार्जनमा विविधता ल्याउने उनीहरूका अवसरहरू (जस्तैः आम्दानी गर्ने, रोजगारीमा पहुँच बढाउने आदि) घट्दो क्रममा छन् । यसका साथै सम्पत्तिमाथिको स्वामित्व सुनुश्चित गर्न उनीहरूलाई अझै अप्ठ्यारो हुनाका साथै बजार संरचना तथा व्यवस्थापनमा पनि उनीहरूको पहुँच कम भएको छ ।

यसको प्रमुख कारण महिलाहरूको स्वामित्व तथा जमिनमाथिको अधिकारप्रति हाम्रा सामाजिक मूल्य मान्यता भेदभावपूर्ण छन् । यसका साथै पुरुषको तुलनामा महिलाको सीप, स्रोत तथा हिंडडुल गर्नसक्ने क्षमता पनि कम हुन्छ । स्थानीय महिलाहरूको वनमाथिको स्वामित्व र अधिकार सुरक्षित नगरेसम्म उनीहरूले अभ्यास गर्नुपर्ने वनस्रोत उपभोगको अधिकार पनि जोखिममा रहन्छ ।

### बाकस ४ः वातावरण विनासः नेपालमा महिलाहरूको बोझ बढ्नुको कारण

सन् १९९३-९४ मा एक्सनएड नेपालले नेपालको हिमाली क्षेत्रमा गरेको एउटा अध्ययनले वातावरण विनासका कारण परिवारमा तनाव बढ्नुका साथै स्रोतमा चाप बढ्दै गरेको कुरा देखाएको छ। यसले गर्दा बालबालिकाहरू सानै उमेरबाट काम गर्न बाध्य हुनुका साथै खासगरी छोरीलाई घरायसी कामको चाप बढ्छ। अध्ययनले छोरीले सबैभन्दा गाह्रो काम गर्नुपरेको कुरा औंल्याउनुका साथै उनीहरूका थोरैमात्र अधिकार सुनिश्चत् भएको र उनीहरू शिक्षाका अवसरबाट पनि वञ्चित भएको कुरा दर्शाएको छ। वातावरणीय तथा सामाजिक दृष्टिले बिग्रंदो पारिवारिक स्थितिका कारण छोरीलाई विद्यालय पठाउन प्रोत्साहन गर्ने कार्यक्रमहरू पनि सफल हुन सकेका छैनन् ।



# खण्ड २: जलवायु परिवर्तन तथा रेडप्लस

# प्रश्न ४

## जलवायु परिवर्तन तथा रेडप्लसलाई किन लैङ्गिक दृष्टिले समावेशी बनाउन आवश्यक छ ?

विकासमा मानवअधिकारमुखी अवधारणा लागू गर्नुका साथै लैङ्गिक समानता प्राप्त गर्नुपर्ने दृष्टिकोणका आधारमा रेडप्लसलाई लैंङ्गिक समावेशी बनाउनुपर्ने तर्क अगाडि सारिएको छ । त्यस्तै रेडप्लसमा लैंङ्गिक समावेशी दृष्टिकोण ल्याउनु यसको आशातीत उपलब्धीमा समेत प्रभावकारिता ल्याउनु हो । यसका लागि महिलाहरूलाई जोखिमयुक्त सरोकारवालाको रूपमामात्र नहेरेर एउटा सक्रियकर्ताको रूपमा लिनुपर्दछ । त्यसकारण रेडप्लसका नीति तथा कार्यक्रममा लैंङ्गिक दृष्टिकोण समाहित गर्नाले कार्यक्रममा प्रभावकारिता बढाउनुका साथै असल परिणाम समेत ल्याउन सकिन्छ ।

यसभन्दा अगाडिका प्रश्नहरूमा हामीले वनक्षेत्रमा भएका पुरुष र महिलाबीचका भिन्नभिन्न भूमिका, अधिकार, जिम्मेवारी, ज्ञान तथा सीपबारे छलफल गरेका थियौं । वन व्यवस्थापन गर्ने विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूले लैङ्गिक अवधारणालाई ध्यान दिई नीति तथा योजनाहरूलाई व्यवस्थित गरेका वा व्यापकरूपमा कार्यान्वयनमा ल्याएका प्रमाणहरू भने अत्यन्तै न्यून छन् । यसको आंशिक कारणमा अझै पनि यी संस्था तथा नीतिनिर्माण तहमा रहेका व्यक्तिहरूलाई लैङ्गिक अवधारणाबारे थोरै मात्र जानकारी हुनुका साथै महिलाहरूलाई वनक्षेत्रमा प्राथमिक सरोकारवालाको रूपमा नलिईनु पर्दछन् ।

संस्थागत पक्षपात् बाहेक अझै पनि महिलाको शिक्षाको स्तर कम भएकोले उनीहरूको नेतृत्व क्षमता कमजोर हुन्छ भन्ने सोच व्यापक रहेको छ । त्यसैले वन व्यवस्थापनसम्बन्धी योजना बनाउने तथा निर्णय लिने महत्वपूर्ण स्थानहरूमा पुरुषकै बाहुल्यता देखिन्छ ।

दुर्भाग्यवश, नीति तथा योजनाहरूमा लैंङ्गिक मूलप्रवाहीकरण गर्दा आईपर्ने चुनौतीहरूका सम्बन्धमा पर्याप्त अनुसन्धानका साथै प्रयोगात्मक सिकाइहरू पनि नभएकाले माथि उल्लेखित विचार तथा दृष्टिकोणलाई दृष्टिगत गरी हाल तयार भइरहेका नीति तथा योजनाहरूमा आवश्यक परिमार्जन गर्न पनि सम्भव भएको छैन ।

---

[2] USAID (2010). Gender Assessment, USAID/Cambodia.

लैङ्गिकताका आधारमा छुट्टाछुट्टै तथ्याङ्क नभएकाले पनि हाल भइराखेको निर्णय लिने र योजना बनाउने प्रक्रियामा पुरुषको वर्चस्व यथावत् भई महिलाहरूलाई भने निरन्तर रूपमा पछाडि पारिएको हुनसक्छ ।

रेडप्लसका सन्र्दभमा नीति तथा योजनाको विकास तथा कार्यान्वयन गर्दा महिला र पुरुष दुबैलाई समावेस गरिनुपर्छ । वनस्रोत व्यवस्थापन तथा उपभोगमा महिला र पुरुष दुबैको भूमिका तथा जिम्मेवारी र अन्तरनिर्भरता भएकाले पनि यसो गर्नु आवश्यक छ । त्यसै गरी रेडप्लसका लागि गरिने विभिन्न क्रियाकलापहरू (जस्तैः वन विनास रोक्न) ले गर्दा महिलाको वनस्रोतमाथिको पहुँचमा केही नियन्त्रण गर्नुपर्ने हुनसक्छ । परिवारको वनमा आधारित दैनिक आवश्यकता परिपूर्ति गर्ने मुख्य जिम्मेवारी उनीहरूकै काँधमा हुने हुनाले यस्ता क्रियाकलापहरूले उनीहरूको कामको बोझमा असर पार्नसक्छ ।

रेडप्लससम्बन्धी आर्थिक कारोबारमा जोडिएका पारदर्शिता तथा भ्रष्टाचारजस्ता सवालहरू चूनौतीपूर्ण हुनुका साथै महत्वपूर्ण अधिकार सुरक्षाका सिद्धान्तसँग जोडिएका छन् । वनव्यवस्थापनका साथै रेडप्लससम्बन्धी काम गर्दा लैङ्गिक समावेशी दृष्टिकोण अंगीकार गरिएमा आर्थिक कारोवारमा पारदर्शिता कायम राख्दै उत्तरदायित्व बहन गर्नका लागि समेत सहज हुन्छ । अध्ययनले[1] देखाएअनुसार महिलाहरू कमै मात्रामा गैरकानूनी काममा संलग्न हुनाको साथै उनीहरूले घुस पनि कम लिने गरेकाले भष्ट्राचार रोक्न सहयोग पुऱ्याउन सक्छन् । त्यसकारण लैङ्गिक समावेशी दृष्टिकोणले स्थानीयस्तरमा सुशासन ल्याई पुरुष र महिलाबीच न्यायपूर्ण तरिकाले फाइदा बाँडफाँड गर्न मद्दत गर्दछ (बाकस ५) ।

---

[3] The World Bank (2012) World Development Report 2012: Gender Equality and Development, Washington DC: The World Bank. Available at: http://go.worldbank.org/cqctmsfi40



## बाकस ५: नेपालको वनक्षेत्रमा महिलाहरूमाथि भएको बहिष्करणले पारेका प्रभावहरू

नेपालमा भएको एउटा अध्ययनले वन व्यवस्थापनमा महिलालाई वहिष्करण गर्नाले लैङ्गिक समता र महिलाहरूको सशक्तिकरणमा मात्र नकारात्मक असर नपारी त्यस्ता पहलहरूलाई दीर्घकालीन रूपमा सफल तरिकाले सुचारु गर्न समेत असर पार्नसक्छ । वनक्षेत्रमा महिलाहरूको सहभागिता नभएमा हानीकारक प्रभावहरू आउनसक्ने कुरा प्रमाणित भईसकेको छ । नेपालमा लैङ्गिक दृष्टिकोणलाई वास्ता नगरी बनाइएका र कार्यान्वयन गरिएका वृक्षरोपण, पुनरोपण तथा वन संरक्षण परियोजनाहरूले विगतमा धेरै समस्याहरूको सामना गर्नुपरेको थियो । त्यसैले पनि सामुदायिक वनको दिगो व्यवस्थापन तथा संरक्षणका लागि महिलाहरूको आवश्यकता तथा प्राथमिकतालाई समावेश गर्नु महत्वपूर्ण हुन्छ ।

**स्रोतः** *अग्रवाल बी. २००१. सहभागिता तथा बहिष्करण, सामुदायिक वन र लैङ्गिकताः दक्षिण एसियाको एक विश्लेषण तथा अवधारणात्मक खाका. World Development (वर्ल्ड डिमिलोपमेन्ट) २९(१०):१६२३-१६४८.*



# प्रश्न ५

## स्थानीय तहमा जलवायु परिवर्तन तथा रेडप्लसमा महिला र पुरुष दुबैको भूमिका बलियो पार्नका लागि लैङ्गिकतासम्बन्धी के के कुरालाई मध्यनजर गर्नुपर्दछ ?

रेडप्लसमा महिला र पुरुष दुबैको भूमिका बलियो पार्नका लागि विभिन्न उपायहरू अपनाउनु पर्छ । यसमध्ये केही आधारभूत उपायहरू यसप्रकार छन् ।

१. **वनस्रोतमाथि महिलाको अधिकारलाई स्वीकार्नु:** अधिकारका बिटोको खाका (बाकस ६)अनुसार वनव्यवस्थापनमा महिलाको सहभागिता तथा निर्णय प्रक्रियामा उनीहरूको भूमिकालाई मान्यता दिएमा उनीहरूले महत्वपूर्ण योगदान गर्नसक्ने छन् । यो वन व्यवस्थापनको शिलशिलामा अत्यन्तै महत्वपूर्ण कुरा हो जसलाई वेवास्ता गरेमा महिलाहरूको अवस्था अझ कमजोर हुन जान्छ ।

   रेडप्लसले ल्याउने आर्थिक स्रोतले गर्दा सरकारले वन क्षेत्रको प्रवेशमा निषेध गर्न सक्छ भने अरू सरोकारवालाहरू पनि वनमाथि आफ्नो अधिकार मागदावी गर्न आउन सक्दछन् भन्ने कुराहरूमा हाल धेरैको चासो उत्पन्न भएको छ । यदि यस्तो अवस्था आयो भने रेडप्लस तथा त्यस्तै अन्य पहल मार्फत् आउने लाभ कसरी पुरुष र महिलाबीच बाँडफाँड गर्ने भन्ने कुरालाई प्रत्यक्ष असर पार्नसक्छ ।

**बाकस ६: अधिकारको बिटो सम्बन्धी अवधारणा**

अधिकारको बिटोसम्बन्धी अवधारणाले वनमा आश्रित समुदाय तथा आदिवासी जनजातिका निम्न अनुसारका परम्परागत चलन तथा प्रचलित ऐनकानून बमोजिम व्यवस्थित अधिकारहरू समावेस गरेको छ ।

क) पहुँचमा अधिकार: समुदायले वनस्रोतमा पहुँच पाउनेछन् ।

ख) उपभोग गर्न पाउने अधिकार: समुदायले काठ तथा अरू वनपैदावार काट्न र उपभोग गर्न पाउनेछन् ।

ग) व्यवस्थापन अधिकार: समुदायले वन व्यवस्थापनबारे निर्णय गर्न पाउनेछन् ।

घ) बहिष्करण गर्न पाउने अधिकार: समुदायले बाहिरका मानिसहरूलाई आफ्नो वनबाट बहिष्करण गर्न सक्नेछन् ।

ङ) स्वाधिकार: समुदायले वनको स्रोत ठेक्कामा दिन, बेच्न तथा बन्दकी राख्न सक्नेछन् ।

**स्रोत:** *आरआरआइ २०१२ के अधिकार ? समुदाय तथा आदिवासी जनजातिको वनको स्वामित्व र अधिकारसम्बन्धी विकासोन्मुख राष्ट्रहरूका नीतिकोतुलात्मक विश्लेषण । वासिङ्गन डीसी: अधिकार तथा स्रोतका लागि पहलहरू*

---

[4] Local people are defined as those who reside in and around the forests and whose livelihoods heavily depend on forest products and services. Local people include indigenous communities, ethnic minorities, migrants and smallholder farmers in rural areas.



नेपालको रेडप्लस नमूना परीक्षण स्थलमा गरिएको अनुसन्धान अनुसार सामुदायिक वनमा महिलाहरूको प्रभावकारी सहभागिताले वनको पुर्नउत्पादन बढाउनुका साथै कार्बन उत्र्सजनमा पनि कमी गराउँछ (अग्रवाल २००९) । अर्कोतर्फ परम्परागत चलन तथा प्रचलित ऐनकानून बमोजिम जहिले पनि वेवास्ता गरिएका महिलाहरूको वनस्रोतमाथि प्रष्ट स्वामित्व तथा अधिकार नभएमा उनीहरूको जमिन, रुखबिरुवा, कार्बन तथा अन्य वनस्रोतमाथिको पहुँचलाई अनिश्चित् पार्न सक्छ ।

२. **विभिन्न तहमा महिला सरोकारवालाको क्षमता अभिवृद्धिः** सीप विकास, स्रोत, नयाँ प्रविधि, क्षमता अभिवृद्धिका अवसर तथा वित्तीय संस्थाहरू मार्फत् प्राप्त हुने ऋणमा पुरुषको तुलनामा महिलाको पहुँच कम भएको पाइन्छ । यस किसिमका अवस्थाले वन व्यवस्थापनसम्बन्धी छलफल गर्ने तथा निर्णय लिने प्रक्रियामा महिलाको क्षमतालाई सीमित राख्नुका साथै जलवायु परिवर्तनले निम्त्याउने विपत्तिका बेलामा समेत उनीहरूलाई बढी जोखिममा राख्दछ ।

त्यसकारण यसप्रकारको परिस्थितिमा महिला र उनीहरूका एलायन्स्, सञ्जाल तथा मञ्च आदिको क्षमता अभिवृद्धि गर्नु आवश्यक देखिन्छ । क्षमता अभिवृद्धि जलवायु परिवर्तन र रेडप्लसका विभिन्न विषयहरू जस्तैः सचेतना अभिवृद्धि, वन व्यवस्थापनका नीति तथा कार्यक्रमसम्बन्धी सम्झौता गर्ने क्षमता, आर्थिक स्रोत व्यवस्थापन, वन र नर्सरी व्यवस्थापनका प्राविधिक पक्ष तथा जैविक पीण्ड (बायोमास) निर्धारण, कार्बन संचिती मापन, अनुगमन तथा प्रतिवेदन प्रक्रिया आदिमा केन्द्रित हुन आवश्यक देखिन्छ (बाकस ७)।

5 Agarwal, B. 2009. Gender and forest conservation: The impact of women's participation in community forest governance. Ecological economics 68: 2785–2799.



## बाकस ७ः समुदायमा आधारित वन व्यवस्थापनमा महिलाहरूको भूमिका

सामुदायिक वन व्यवस्थापनमा महिलाका समूहहरू प्रभावकारी भएकाले उनीहरूलाई रेडप्लसका लागि गरिने क्षमता अभिवृद्धि कार्यक्रम तथा यसबाट हुने फाइदा बाँडफाँडहरूमा समेत समावेश गर्नुपर्दछ । उदाहरणका लागि जिम्बावेको सामुदायिक क्षेत्रमा बस्दै आएका करीब ८ लाख परिवारहरूमध्ये आधाभन्दा बढी परिवार महिला घरमूली भएका थिए । त्यसैले महिला समूहहरूमा काठ भएको वनक्षेत्रको स्वामित्व हुनाको साथै वृक्षरोपण तथा नर्सरी विकास मार्फत् उनीहरूले वनस्रोत तथा विकास परियोजनाको प्रमुख जिम्मेवारी पाएका छन् । नेपालमा महिलाहरूबाट संचालित करीब ८०० सामुदायिक वन उपभोक्ता समूह छन् जसले वनको संरक्षण, नर्सरी व्यवस्थापन, क्षयीकरण भएका जमिनमा पहिरो कम गर्नका लागि वृक्षारोपण कार्यक्रम, दाउरा तथा सोत्तर उपलब्ध गराउनुका साथै वनकटानीलाई गैरकानूनी बनाउँदै करीब ६०-८० प्रतिशत विरुवा बचाउँदै आएका छन् । कम्बोडियामा गैरसरकारी संस्थाको सहयोगबाट महिला समूहहरूको एउटा सञ्जालको गठन भएको छ र हाल त्यस सञ्जालका कारण मूल्य निर्धाणका लागि सम्झौता, बजारका लागि यातायतको व्यवस्था, चामलमिल सञ्चालनका लागि सामुदायमा आधारित सहकारी गठन गरी आम्दानीमा बृद्धिका साथै सबै तहमा शासकीय हस्तक्षेप बढाउन पनि सम्भव भएको छ ।

**स्रोतः** *यूयसएड (२०११): लैङ्गिकता तथा रेडप्लस: एसिया क्षेत्रिय विश्लेषण (मस्यौदा) . Downloaded from: http://www.rightsandresources.org/documents/files/doc_2307.pdf*

३. **विस्तृत लैङ्गिक लेखाजोखा:** वनक्षेत्रमा कुनै पनि योजना निर्माण गर्दा वा नीतिको विकास गर्दा महिला र पुरुष दुवैको भूमिका, जिम्मेवारी, वनस्रोत उपयोग गर्ने स्वरूप, ज्ञान, सीप आदिको विश्लेषण गरी तिनलाई मान्यता दिन आवश्यक हुन्छ। परियोजनाको विकास तथा कार्यान्वयन गर्दा लैङ्गिक दृष्टिकोण राख्नाले महिला र पुरुष दुबैको वन व्यवस्थापकको भूमिकालाई मान्यता दिन मद्दत पुग्दछ । यसले उनीहरूलाई अनुभवी र आत्मविश्वासी बनाउनका लागि महत्वपूर्ण स्थान दिनुका साथै सञ्जाल स्थापना गराउनसमेत सहयोग गर्छ । यसरी स्थापित सञ्जालले जलवायु परिर्वतन तथा रेडप्लसका सामाजिक तथा राजनीतिक पक्षहरूमा लैङ्गिक दृष्टिकोण समावेस गर्नुका साथै उच्चस्तरीय सहयोग जुटाउन आवश्यक पैरवी गर्नसमेत सहयोग गर्छ ।

४. **रेडप्लस अधिकार सुरक्षाका सिद्धान्तहरू सम्बोधन:** राष्ट्रिय रेडप्लस रणनीतिले रेडप्लस सम्बन्धी सामाजिक सुरक्षाका सिद्धान्तहरू सम्बोधन गरेको सुनिश्चित् गर्न आवश्यक छ । यस सन्दर्भमा विशेष गरी महिला तथा जोखिममा परेका समुदायहरूका ईच्छा, चाहना, अधिकार तथा हितका कुराका साथै महिला तथा पुरुष दुबैका स्वतन्त्र, पूर्व, सुसूचित सहमति (एफ् पी आई सी)का अधिकार बुझ्न र बलियो पार्न आवश्यक हुन्छ।

---

6 Silori et al. 2013. Social safeguards in REDD+: A review of existing initiatives and challenges. Journal of Forests and Livelihoods. Vol. 11(2): 27-36.



# खण्ड ३: योजना र नीतिहरू

# प्रश्न ६

## मानवअधिकार तथा लैङ्गिक समानता प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय स्तरमा के कस्ता नीतिगत खाका तथा संयन्त्र छन् ?

१. लैङ्गिक समानतालाई विकासका कार्यक्रमहरूमा प्रोत्साहन गर्नका लागि अन्तर्राष्ट्रियस्तरमा विभिन्न सन्धीसम्झौता गरिनुका साथै संयन्त्रहरू स्थापना गरि एका छन् । उदाहरणका लागि लैङ्गिक समानतालाई मानवअधिकारको रूपमा स्थापित गर्दै संयुक्त राष्ट्रसंघको महासभाले सन् १९६९ मा पारित गरेको महिला विरुद्ध हुने सबैखाले हिंसा उन्मूलन सम्बन्धी महासन्धी (CEDAW सीडअ)लाई लिन सकिन्छ । सीडअले विशेष गरी ग्रामीण महिलाहरूलाई ध्यानमा राखेर महिलाको पैतृक सम्पत्तिमाथिको अधिकारलाई मान्यता दिएको छ ।

२. त्यसैगरी सन् १९९५ को सेप्टेम्वरमा चाइनाको बेइजिङ्गमा भएको महिलाको चौथो विश्व सम्मेलनले महिलाको अधिकारलाई मानवअधिकारको रूपमा व्याख्या गर्दै बेइजिङ्ग घोषणा तथा कार्यका लागी मञ्च १९९६जारी गरेको छ । सम्मेलनले गरिबी निवारणका लागि सामाजिक तथा आर्थिक विकासमा महिलाको संलग्नताको आवश्यकतालाई औल्याउनुका साथै दिगो विकासका लागि महिला र पुरुषले समान अवसर पाउनुपर्ने कुराको पनि घोषणा गरेको छ ।

३. आदिवासी जनजातिका अधिकारका लागि पारित गरिएको संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७ ले विविध सवालमा आदिवासी जनजातिका अधिकारलाई मान्यता दिनुका साथै अन्तर्राष्ट्रिय समुदायलाई पनि यससम्बन्धी एउटा विश्वव्यापी संयन्त्र उपलब्ध गराएको छ । स्वतन्त्र, पूर्व, सुसूचित सहमतिको अधिकार (एफ्पीआईसी) पनि यस घोषणपत्रले सुरक्षित गरेको छ । यस घोषणपत्रमा विशेषगरी आदिवासी जनजाति महिलाका निश्चित् अधिकार तथा आवश्यकतामा पनि विशेष ध्यान दिइएको छ जसले उनीहरूमाथि हुने हिंसा तथा भेदभावबाट उनीहरूलाई संरक्षण गर्न विभिन्न राष्ट्रहरूलाई खाका प्रदान गर्दछ ।

# प्रश्न ७

## अन्तर्राष्ट्रिय स्तरमा जलवायु परिवर्तन तथा रेडप्लसका सन्दर्भमा लैङ्गिक सवालहरूलाई सम्वोधन गर्नका लागि के कस्ता पहलहरू भएका छन् ?

सीडअ तथा रियोप्लस २० सम्झौताहरूले विशेषगरी गाम्रीण महिलालाई ध्यान दिंदै महिलाको सम्पत्तिमाथिको अधिकार हुने कुरामा राखेका मान्यताहरू जलवायु परिवर्तन तथा रेडप्लस नीति तथा कार्यक्रम विकासमा लैङ्गिक मूलप्रवाहीकरणका लागि पनि सान्दर्भिक हुन्छन् ।

जलवायु परिवर्तन तथा रेडप्लसका सन्दर्भमा लैङ्गिक समानतालाई प्रोत्साहन गर्नका लागि संयुक्त राष्ट्रसंघीय जलवायु परिर्वतनसम्बन्धी सम्मेलन (यूएन्एफ्सीसीसी)ले मेक्सीकोको कानकुनमा भएको पक्षराष्ट्रहरूको १६औं सम्मेलन -कोप १६) मा एउटा सहमति दस्तावेज प्रदान गऱ्यो जुन "कानकुन सहमति" का नामले प्रख्यात छ । रेडप्लस नीति निर्माण तथा कार्यक्रमहरू कार्यन्वयन गर्दा लैङ्गिक सवाललाई सम्बोधन गर्नुपर्ने भन्ने कुरा यस दस्तावेजमा पुनः प्रतिबद्धता गरिएको छ । यसले जलवायु परिवर्तनको वहसमा लैङ्गिक सवालका कुरालाई उच्च स्थान दिन मद्दत गरेको छ ।


त्यसैगरी कतारको दोहामा भएको युएन्एफ्सीसीसी कोप को १८औं बैठकमा यसको सचिवालयलाई लैङ्गिक संवेदनशील जलवायु नीतिका बारे भएको प्रगति पत्ता लगाउने जिम्मवारी दिइएको थियो । यसबारे अझै छलफल र समीक्षा आगामी १९ देखि २२ औंकोप बैठकहरूले गर्नेछन् ।

---

7 Rio+20 is the short name for the United Nations Conference on Sustainable Development which took place in Rio de Janeiro, Brazil in June 2012 – twenty years after the 1992 Earth Summit in Rio. The focus of Rio+20 conference was to reduce poverty, advance social equity, and ensure environmental protection on an ever more populated planet. The official discussion focused on two main themes: how to build a green economy to achieve sustainable development and lift people out of poverty, and how to improve international coordination for sustainable development (http://www.un.org/en/sustainablefuture/index.shtml).

# प्रश्न ८

## परियोजना कार्यान्वयन भएका राष्ट्रहरूमा जलवायु परिवर्तन, रेडप्लस तथा लैङ्गिकतासम्बन्धी राष्ट्रियस्तरमा के कस्ता योजना तथा नीतिहरू छन् ?



रेडप्लससम्बन्धी स्थानीय क्षमता अभिवृद्धि परियोजना इन्डोनेसिया, लाओ पीडीआर, म्यानमार, नेपाल तथा भियतनाम गरी पाँचवटा राष्ट्रहरूमा कार्यान्वयन भइरहेको छ । जलवायु परिवर्तन तथा रेडप्लसमा लैङ्गिक मूलप्रवाहीकरणका लागि ती देशहरूमा राष्ट्रिय स्तरमा भएका योजना तथा नीतिबारे तल संक्षेपमा जानकारी दिइएको छ ।

### इन्डोनेसिया

सीडअ हस्ताक्षर गरेपछि इन्डोनेसिया सरकारले समग्र विकासमा लैङ्गिक सवालहरूलाई सम्बोधन गर्नका लागि नीति तथा संस्थागत तहमा केही पहलहरू गरेको छ । लैङ्गिक सवालहरूलाई सम्बोधन गर्नुका साथै विकासका विभिन्न क्षेत्रमा महिलाहरूलाई सुविधा उपलब्ध गराउनका लागि विभिन्न अर्धसरकारी संस्थाहरू जस्तै: इन्डोनेसियन महिला कांग्रेस, प्रान्तीय महिला परिषद्, जिल्ला महिला परिषद् र स्थानीय स्वयम्सेवक संस्थाहरू सक्रिय रूपमा कार्यरत छन् । सन् २००० मा गरिएका राष्ट्रपतिको निर्णयले सबै सरकारी विभाग र गैरसरकारी संस्थाहरूले आफ्ना कार्यक्रमका लागि योजना बनाउँदा, कार्यान्वयन गर्दा तथा समीक्षा र मूल्याङ्कन गर्दा लैङ्गिक मूलप्रवाहीकरण अनिवार्य रूपमा गर्नुपर्छ भन्ने आदेश दिएको छ ।

जलवायु परिवर्तन तथा रेडप्लसका सन्दर्भमा इन्डोनेसिया छिटै काम गर्ने राष्ट्र हो जसले विश्व बैंकबाट २००९ मै रेडप्लस तयारी योजना (आरपीपी) को प्रस्तावना पारित गरायो । आरपीपी दस्तावेजलाई पुनरावलोकन गर्दा थाहा भयो कि यसले रेडप्लससम्बन्धी कार्यक्रम बनाउँदा तथा कार्यान्वयन गर्दा संलग्न गर्नुपर्ने विभिन्न सरोकारवाला तथा जोखिममा परेका समुदायहरू जस्तै: आदिवासी जनजाति, महिला तथा युवाहरू पहिचान गरे तापनि ती लक्षित वर्गका लागि भनेर विशेष रणनीति भने बनाइएका छैनन् ।

रेडप्लसको तयारीका लागि इन्डोनेसियाले राष्ट्रिय रेडप्लस रणनीति तयार गरी जुन २०१२ मा त्यसलाई अन्तिम रूप दिएको छ। रेडप्लस कार्यान्वयनका लागि यस रणनीतिले प्रभावकारिता, दक्षता, न्यायोचितता, पारदर्शिता र उत्तरदायित्व गरी पाँचवटा सिद्धान्तहरूको वर्णन गरेको छ । न्याययोचितता मापदण्डमा वन व्यवस्थापनमा महिला तथा सामाजिक-आर्थिक तथा वातावरण परिवर्तनका कारण जोखिममा परेका समुदायका साथै सबैको समानता तथा



मानव अधिकारको संरक्षण गरिने कुरालाई रेडप्लस कार्यान्वयनका शिलशिलामा महत्वपूर्ण आधारका रूपमा लिइएको छ । त्यस्तै रेडप्लसका पाँच रणनीतिमध्ये चौथोले रेडप्लस रणनीतिलाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्नका लागि समग्र वन व्यवस्थापन क्षेत्रको काम गर्ने शैली तथा संस्कृतिसमेत परिवर्तन गर्नुपर्दछ भन्ने कुरालाई जोड दिन्छ । काम गर्ने शैली तथा संस्कृति परिवर्तन गर्दा महिला तथा पुरुष दुबैको भूमिका, आवश्यकता तथा जिम्मेवारीमा समानता ल्याउनु पर्दछ भन्ने कुरालाई जोड दिँदै लैङ्गिक संवेदनशीलतालाई एउटा महत्वपूर्ण सिद्धान्तको रूपमा सुचीकृत गरिएको छ। यसको अलावा जमीन तथा वन उपभोग गर्ने शासकीय व्यवस्थालाई निम्नानुसार मजबूत गर्न सकिन्छ भन्ने कुरासमेतमा जोड दिईएको छ ।

(क) आदिवासी, जनजाति, महिला, बालबालिका र गरीब जस्ता जोखिममा परेका समुदायहरूको सहभागिता र पारदर्शीताका लागि लचकता बढाउनुपर्ने,

(ख) महिला तथा अरू जोखिममा परेका समुदायहरूको बुझाइमा सुधार ल्याउनका लागि आवश्यक सूचना प्रवाह तथा क्षमता अभिवृद्धि गर्नुपर्ने,

(ग) निर्णय लिने प्रक्रियामा सहभागिता गराउनुपर्ने,



रेडप्लस अधिकार सुरक्षाका सिद्धान्तहरूको सन्दर्भमा रेडप्लस रणनीतिले लैङ्गिक समानता तथा जोखिममा परेका समुदायहरूको समान सहभागितालाई रेडप्लस कार्यान्वयन गर्दा पूरा गर्नैपर्ने मापदण्डको रूपमा राखेको छ । अझै यसले जोखिममा परेका समुदायहरू (जस्तैः (क) वनक्षेत्र वरिपरि बसोबास गर्दै आएका तथा जीविकोपार्जनका लागि वनका स्रोतमा आश्रित आदिवासी जनजाति तथा स्थानीय समुदायहरू, (ख) परिवारका आयआर्जनको स्रोत घटेको कारणले बढी पीडा भोग्नुपर्ने महिला, र (ग) आर्थिक, सामाजिक तथा राजनीतिक हैसियतका कारण मानवअधिकार तथा रेडप्लसका कार्यक्रमहरू कार्यान्वयनबाट भएका लाभहरू बाँडफाँड गरी भएका उपलब्धीहरूको प्रमाणीकरण गर्दा कमजोर देखिएका सामाजिक समूहहरू)का सामाजिक सुरक्षाकालागि खाका बनाउनु आवश्यक भएको कुरालाई जोड दिन्छ ।

## लाओ पीडीआर

लाओ पीडीआरको सन् १९९१ को संविधानले महिला तथा पुरुष दुबैलाई राजनीतिक, सांस्कृतिक तथा सामाजिक क्षेत्र र पारिवारिक मामिलामा समान अधिकार सुनिश्चित गरेको छ । सन् २००३ मा भएको संविधान संशोधनले महिला तथा बालबालिकाको विधिसम्मत् अधिकार तथा फाईदाको संरक्षण गर्दै उनीहरूको प्रगतिलाई समर्थन र सहयोग गर्ने प्रतिबद्धता देखाएको छ । लाओ पीडीआर पनि सीडअको हस्ताक्षर राष्ट्र भएकोले अन्तराष्ट्रियस्तरमा सर्वसम्मतमा तयार गरिएको बेइजिङ घोषणा तथा कार्यका लागि मञ्च १९९६ मा संलग्न छ। महिलाको उन्नतिमा सहयोगका साथै प्रोत्साहन गर्नका लागि आवश्यक नीति तथा रणनीति बनाउने कार्यमा सरकारलाई सहयोग गर्नका लागि लाओ सरकारले सन् २००३ मा महिला विकासका लागि लाओ राष्ट्रिय आयोग (एन्सीएडब्लु)को स्थापना गर्‍यो। एउटा ठूलो जनसंगठनका रूपमा गत ५० बर्षदेखि महिलालाई आयमूलक कार्यक्रममा सहयोग गर्नुका साथै उनीहरूलाई कृषि तथा साना र मध्यम उद्यम विकासका क्षेत्रमा क्षमता अभिबृद्धि गर्दै आएको लाओ महिला संगठन (एल्सीडब्लु) प्रमुख सरोकारवाला हो ।



संस्थागत तथा नीतिगत व्यवस्थाहरू भए तापनि नीतिहरूलाई व्याख्या गर्ने र कार्यान्वयन गर्ने क्रममा अझै पनि थुप्रै रिक्तताहरू छन् । सन् १९८७ देखि लागू भएको वननीतिमा लैङ्गिक मूलप्रवाहीकरणबारे उल्लेख गरिएको भए तापनि अझै स्पष्ट रूपमा परिभाषित नभएका तथा कमै मात्रामा प्रयोगमा आएका वननीतिहरू हुनु तथा वन व्यवस्थापन गर्दा प्रष्ट हुनुपर्ने महिला तथा पुरुषका भूमिकाबारे दोहोरो अर्थ लाग्ने अवस्था रहनुले लाओ पीडीआरको वनक्षेत्रमा लैङ्गिकता अझै पनि एउटा नयाँ अवधारणाको रूपमा रहेको छ । लाओ पीडीआरले रेडप्लस तयारी प्रस्तावना (आरपीपी) बनाएता पनि यसका लागि मार्गचित्र बनाउन भने बाँकी नै छ। आरपीपी दस्तावेजमा उल्लेखित रेडप्लसको सामाजिक तथा वातावरणीय प्रभावको लेखाजोखा गर्ने भागमा लैङ्गिक सम्बन्धका विषयहरू उल्लेख गरिएका छन् । सरोकारवालाहरूसँगको छलफल तथा परामर्शको सन्दर्भ पारेर सम्पूर्ण दस्तावेजमा केवल दुई पटक मात्र महिलाहरूको विषयमा उल्लेख गरिएको छ । आरपीपी तयरीका क्रममा गरिएका छलफलहरू पनि राष्ट्रिय तथा प्रान्तीय स्तरका केही सरोकारवालाहरूबीच मात्र सीमित राखिएको थियो जहाँ हाल रेडप्लस तयारी कार्यक्रम सञ्चालनका योजना सञ्चालन गर्ने सोच रहेको छ । अरू सरोकारवालाहरूलाई जस्तै: लाओ महिला संगठनलाई पनि आरपीपी मस्यौदा माथि छलफल गर्ने क्रममा गरिएको दोस्रो चरणको परामर्श गोष्ठीमा सहभागी गराइएको थियो । लाओ महिला संगठनलाई आरपीपी अवधारणा विकास गर्ने क्रममा सुरुदेखिबाट संलग्न गराइएको थियो कि पछिमात्र आरपीपी विकासका क्रममा संलग्न गराइएको हो भन्ने कुरा दस्तावेजबाट थाहा हुन सकेको छैन ।

## म्यान्मार

म्यान्मार सीडअ को पक्षराष्ट्र हो । महिला विकासका लागि यसले राष्ट्रिय कार्ययोजना (२०११-१५)को मस्यौदा तयार पारेको छ । सामाजिक एकीकरण रणनीतिका आधारमा महिला लगायत जोखिममा परेका अन्य समूहहरूलाई सामाजिक कल्याणका सेवाहरू उपलब्ध गराउने कार्यमा समाज कल्याण, राहत तथा पुनर्वास मन्त्रालय अन्तर्गतको समाज कल्याण विभाग प्रमुख सम्पर्क संस्थाको भूमिका निर्वाह गर्दै आएको छ ।

त्यसैगरी महिला विकासका लागि म्यान्मार सरकारले सन् १९९६ मा महिला मामिलाका लागि म्यान्मार राष्ट्रिय समिति (एम्एन्सीडब्लुए)को स्थापना गऱ्यो। त्यसपछि राज्य/प्रभाग, जिल्ला र नगर तहमा महिला मामिलाका लागि कार्यसमितिको गठन गरियो । महिलाको विकास तथा सुरक्षासम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालनका लागि एम्एन्सीडब्लुएलाई सहयोग गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग समन्वय तथा सम्बन्ध विस्तारका लागि सन् २००३ मा म्यान्मार महिला मामिला महासंघको स्थापना गरियो ।

जलवायु परिवर्तन तथा रेडप्लसको सन्दर्भमा म्यान्मारले भखरै रेडप्लस तयारी मार्गचित्रको मस्यौदा तयारी गर्न सुरु गरेको छ । रेडप्लस तयारी मार्गदर्शन विकासमा सहयोगका लागि तीनवटा प्राविधिक कार्य समूहहरूको गठन गरिएको छ। रेडप्लस तयारी प्रक्रियामा महिला, आदिवासी र सीमान्तिकृत समूह तथा उनीहरूका सञ्जालहरूका साथै तिनलाई सहयोग गर्ने संघसंस्थाहरूको सहभागिता पक्का गर्न र तिनका इच्छा तथा चाहना र भूमिकालाई समावेश गर्नका लागि सबै सरोकालवालाहरूको सहभागितालाई सुनिश्चित गर्न सरोकारवाला परामर्श तथा अधिकार सुरक्षाका लागि काम गर्ने समूहको गठन गरिएको छ।



## नेपाल

नेपालले सिडअमा हस्ताक्षर गरेको छ । सबै किसिमका विकासका क्रियाकलापहरू जातियता, अपाङ्गता, लैङ्गिकता, राष्ट्रियता, राजनीतिक विचार, जाति, वर्ण तथा धर्मका आधारमा भेदभाव रहित किसिमले सञ्चालन गर्नका लागि लैङ्गिक समानता तथा समावेशीकरण (GESI जेसी) निर्देशिका तयार पारेको छ । यसका साथै गरीब तथा पछाडि पारिएका समुदायका लागि सकारात्मक विभेदको आवश्यकता पर्नसक्छ भन्ने कुरालाई पनि मान्यता दिएको छ । सरकारले सन् १९९५ मा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको स्थापना गर्‍यो । यो मन्त्रालय महिला सशक्तीकरण तथा लैङ्गिक समानताका लागि पैरवी गर्दै राष्ट्रिय विकासका योजना, नीति तथा कार्यक्रमहरूमा लैङ्गिक मूलप्रवाहीकरणका साथै महिलाको पूर्ण तथा समान सहभागिताका लागि सामाजिक, सांस्कृतिक, संरचनात्मक र व्यवहार तथा आचरणसम्बन्धी सबैखाले बाधा अड्चन हटाउन आवश्यक कार्य गर्न सक्रिय रूपमा काम गर्दैछ ।

परियोजना कार्यान्वयन भएका राष्ट्रहरूमध्ये वनक्षेत्रका सबै लक्ष्य, नीति तथा कार्यक्रमहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्न नेपाल सबैभन्दा अगाडि भएको पाइन्छ । हाल उपलब्ध तथ्याङ्कअनुसार नेपालको करीब एकचौथाई वन १७,८०० सामुदायिक वन उपभोक्ता समूहहरू (सा.व.उ.)द्वारा व्यवस्थापन गरिएको छ । ती सामुदायिक वन उपभोक्ता समूहहरूका करिब ३१ प्रतिशत सदस्यहरू महिला छन् भने करीब ८०० समूहहरू महिलाद्वारा नेतृत्व गरिएका छन् ।





जलवायु परिवर्तन तथा रेडप्लसको सन्र्दभमा नेपालको रेडप्लस तयारी प्रस्तावले महिलाहरूलाई जोखिममा परेका समुदायका रूपमा पहिचान गरेको छ । हाल नेपालमा महिलासम्बन्धी नीतिमा परिमार्जन गरी नयाँ अधिकारका रूपका उनीहरूलाई जमीनमाथिको स्वामित्वको अधिकार उपलब्ध गराउनुका साथै उनीहरूका सवाललाई उच्चस्तरीय तहबाट सम्बोधन गर्नुपर्ने व्यवस्थासमेत गरिएको छ। रेडप्लस तयारी प्रस्तावमा लैंङ्गिक सवाललाई सम्बोधन गर्नकालागि छलफललाई एउटा रणनीतिको रूपमा मात्र लिन सिफारिस गरिएको छ । तैपनि बहुसरोकारवालाहरू भएको दावी गरिएको रेडप्लस नीति निर्माण निकाय, रेडप्लस कार्य समूह तथा आरपीपीका विषयवस्तुमा यथेष्टरूपले लैङ्गिक समावेशीकरण भएको पाइँदैन् । वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत गठन भएको रेडप्लस कार्यान्यवन निकायमा थोरै मात्र महिलाहरू भएको पाइन्छ। मान्त्रालय र रेडप्लस सचिवालयबाट उपलब्ध भएको तथ्याङ्कअनुसार रेडप्लस सचिवालयमा कार्यरत १६ जना कर्मचारीमध्ये जम्मा दुईजना मात्र महिला छन् । नागरिक संगठनहरूमध्ये हिमवन्ती तथा सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन)ले प्रमुख रूपमा वन व्यवस्थापनमा महिलाहरूको अधिकारका बारे पैरवी गर्दै आएका छन् ।

## भियतनाम

एसिया प्यासिफिक क्षेत्रमा भियतनामलाई लैंङ्गिक समानताका लागि अगुवाको रूपमा मानिन्छ। यसको प्रमुख कारण राजनीतिक सहभागितामा सकारात्मक विभेद, उदार प्रसुति सेवा र फाइदा तथा  प्रजनन्सम्बन्धी निर्णय लिने अधिकार लगायतका अन्य महिला अधिकारहरू सुनिश्चितताका लागि बलियो कानुनी आधार र नितीगत संरचना हुन् । भियतनामले सिडअ तथा लैङ्गिक समानता कानुन अनुमोदन गरेको छ। यसका साथसाथै महिलाहरूको सहभागिताका लागि अन्तर मन्त्रालयस्तरमा महिला विकासका लागि राष्ट्रिय समिति (एन्सीएफ्एडब्लु) छ। एन्सीएफ्एडब्लुअन्तर्गत देशमा गठन भएका सबै मन्त्रालय तथा निकाय र प्रान्तहरूका महिला विकासका लागि गठित समितिहरू आबद्ध छन् । यसबाहेक एउटा ठूलो जनसंगठनको रूपका भियतनाम महिला युनियन विभिन्न तहमा महिला विकासका लागि गठित समितिहरू (सीएफ्एडब्लु)सँग सहकार्य गर्दै भियतनामी महिलाहरूलाई केन्द्रदेखि स्थानीय चार तहमा परिचालन गर्दै आएको छ। उक्त युनियनले

महिलाको जीवन सुधार्न तथा आर्थिक विकासका लागि विभिन्न परियोजनाहरू कार्यान्वयन गर्दै आइरहेको छ । यसका बाबजुद भियतनाममा विभिन्न क्षेत्रहरूमा अझै पनि लैङ्गिक असमानता प्रशस्तै छन् । उदाहरणका लागि महिला मूली भएका घरधुरीहरू बढी जोखिमपूर्ण जीवनयापन गर्नुका साथै गरिबीमा रहेका हुन्छन्; महिलाहरू पुरुषभन्दा थोरै ज्यालामा लामो समयसम्म काम गर्न बाध्य छन्; विभिन्न किसिमका स्रोतहरूजस्तैः जमीन, सम्पत्ति, ऋण तथा रोजगारसम्बन्धी तालिमहरूमा महिलाको पहुँच कम हुनुका साथै स्थानीयस्तमा निर्णय लिने प्रक्रियाहरूमा महिलाहरूको कमजोर प्रतिनिधित्व हुनु आदि रहेका छन् ।

भियतनामको संविधानले वनक्षेत्रसम्बन्धी जमीन, रुखविरुवा तथा वन्यजन्तु गरी सबै वनस्रोतहरूमा जनताको स्वामित्व हुन्छ भनी व्यवस्था गरेको छ । सन् २०११ को वन संरक्षण विभागको तथ्याङ्कअनुसार व्यक्तिगत घरधुरी तथा स्थानीय समुदायको स्वामित्वमा कूल भूमीको करिब २८ प्रतिशत भूमीक्षेत्र रहेको छ । त्यसबाहेक भूमी कानून २००३ अनुसार व्यापारिक वनको अधिकार उपलब्ध गराउने भूमी स्वामित्व अधिकार प्रमाणपत्रमा श्रीमान् र श्रीमती दुबैले हस्ताक्षर गरी संयुक्त स्वामित्व प्राप्त गर्न सक्छन् । तर यस कानुनबारे आम जनतामा सचेतना कम भएकाले अझ पनि भूमीसम्बन्धी अधिकारमा पुरुषहरूको नै प्रभुत्व रहेको छ । यसबाहेक हाल विद्यमान पद्धतिअनुसार घरधुरीलाई दिइने वनभूमी रेखदेख तथा व्यवस्थापन गर्नको जिम्मेवारीमा पनि महिलाहरूको श्रम, योगदान तथा ज्ञानलाई अस्वीकार गरेको पाइन्छ ।

रेडप्लसको सन्दर्भमा भियतनामले आरपीपी दस्तावेजमा आधार तथ्याङ्क र प्रभावको लेखाजोखा गर्दा आदिवासी जनजातिका अधिकार तथा जीविकोपार्जन, लैङ्गिक सवालहरू र सुसाशनलाई विशेष जोड दिनुपर्ने कुरा उल्लेख गरेको छ । हाल यूएन-रेड अन्तर्गत संञ्चालन भइरहेका क्रियाकलापहरूमा लैङ्गिक मूलप्रवाहीकरण गर्नका लागि समेत धेरै प्रयास गरेको छ । खासगरी महिला लगायत स्थानीय समुदायमा एफ्पीआईसीको व्यापक प्रयोग गरिएको थियो । परिणामस्वरूप रेडप्लस कार्यक्रमको स्वरूप तथा लाभबारे सचेतना अभिवृद्धि हुनुका साथै वन संरक्षणमा उनीहरूको जिम्मेवारी बढाउनसमेत सहयोग पुग्यो । रेडप्लस परियोजनामा वन व्यवस्थापन कार्यसमिति (एफ्एम्बी)ले महिलालगायत स्थानीय समूहहरूसँग सहकार्य गर्छ । फलस्वरूप समुदायका व्यक्तिहरूलाई आफ्ना समस्या तथा चासोका विषयबारे कार्यसमितिका सदस्यहरूसँग छलफल गर्नका लागि आवश्यक आत्मविश्वाससमेत विकास भएको छ ।



# खण्ड ४ : क्षमता अभिवृद्धि

# प्रश्न ९

## स्थानीय तहमा रेडप्लससम्बन्धी सचेतना अभिवृद्धिका कार्यक्रमहरू गर्दा लैङ्गिकताबारे के के प्रमुख कुराहरूलाई ध्यान दिनुपर्छ ?



स्थानीय तहमा रेडप्लसबारे सचेतना अभिवृद्धि कार्यक्रम गर्दा कार्यक्रमका साथै तालिम पश्चात्को प्रभावलाई प्रभावकारी बनाउनका लागि केही निश्चित् बुँदाहरूलाई ध्यान दिनुपर्छ । त्यस्ता केही निश्चित् बुँदाहरू तल उल्लेखित छन् जुन सहजकर्ताले स्थानीय परिस्थिति तथा सामाजिक र आर्थिक अवस्था अनुसार परिमार्जन गर्न पनि सक्छन् ।

- **स्थानीय सामाजिक मूल्य मान्यतालाई पहिचान तथा सम्मान गर्ने:** रेडप्लससम्बन्धी स्थानीय स्तरमा सचेतना अभिवृद्धि कार्यक्रमहरू गर्दा सहजकर्ताले स्थानीय सामाजिक-सांस्कृतिक मूल्यमान्यता तथा जनसंख्याबारे थाहा पाउनु आवश्यक छ । खासगरी निर्णय लिने प्रक्रियामा महिलाको सहभागितालाई प्रोत्साहन गर्नका लागि उनीहरूप्रति विभेदकारी नभएका सामाजिक-सांस्कृतिक मूल्यमान्यताका बारे थाहा पाउनु आवश्यक हुन्छ।
- **सही किसिमले बन्दोबस्तीको व्यवस्थापन गर्नु:** रेडप्लस तालिम तथा क्षमता अभिबृद्धिका कार्यक्रमहरूमा लैङ्गिक समानता बलियो पार्नका लागि सहजकर्ताले के कस्ता स्थान र समयमा उक्त कार्यक्रम गर्दा पुरुष तथा महिला दुवैका लागि सहज हुन्छ भन्ने कुरालाई ध्यान दिनु आवश्यक हुन्छ। आवश्यकताअनुसार तालिम अवधिभर दुधे बालबालिकाका र साना केटाकेटीका लागि रेखदेखको र दूध चुसाउने आमाहरूको लागि आवश्यक व्यवस्थासमेत गर्नुपर्दछ ।
- **निश्चित स्थानीय ज्ञान तथा अनुभवमाथि निर्माण गर्नु:** महिला तथा पुरुष दुबैलाई स्थानीय जलवायु, वनस्रोत र त्यसको प्रयोग तथा व्यवस्थापनबारे धेरै ज्ञान तथा अनुभव हुन्छ। तर महिला तथा पुरुष दुबैले प्रत्येक दिन गर्ने भूमिका तथा जिम्मेवारी फरकफरक हुने भएकाले उनीहरूको ज्ञान तथा अनुभव पनि भिन्न हुन जान्छ । त्यसकारण सहजकर्ताले सुरुमा महिला र पुरुष दुबैलाई जलवायु परिवर्तन र स्थानीय स्रोतका बारेमा आफ्नो ज्ञानको आदानप्रदान गर्न प्रोत्साहन गर्नुपर्छ। सबैको बुझाइलाई छलफलमा ल्याएर मात्र रेडप्लस तथा जलवायु परिवर्तनसम्बन्धी नयाँ अवधारणा, प्राविधिक शब्द तथा वैज्ञानिक विवरणका बारेमा छलफल चलाएमा महिला तथा पुरुष दुबैलाई सरल भाषामा बुझ्न सजिलो हुन्छ ।
- **प्राविधिक भाषाको प्रयोग सकेसम्म कम गर्ने:** जलवायु परिर्वतन तथा रेडप्लससँग सम्बन्धित धेरै विषयवस्तु तथा प्राविधिक शब्दहरू स्थानीय सरोकारवालाहरूले सजिलै बुझ्न नसक्ने किसिमका छन्। त्यस्ता प्राविधिक शब्दहरूको प्रयोगले कहिलेकाहीं अन्योल ल्याउन सक्छ। त्यसकारण तालिम सञ्चालनका क्रममा सहजकर्ताले सम्भव भएसम्म स्थानीय तथा



आदिवासीका भाषामा शब्दहरू पहिचान तथा छनौट गर्नुपर्छ । यसका साथसाथै स्थानीय समुदायलाई जलवायु परिवर्तन तथा रेडप्लसबारे सरल भाषामा व्याख्या गर्नका लागि स्थानीय उदाहरणहरू अभिलेख पनि गर्नुपर्छ ।

- **तालिममा पर्याप्त तथा सम्बन्धित सामग्रीको प्रयोगः** तालिम तथा सचेतना अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्नुपूर्व सहजकर्ताले स्रोत सामग्रीको रूपमा प्रयोग गर्न सकिने पर्याप्त स्थानीय उदाहरणहरू तथा घटना अध्ययनहरूबारे थाहा पाउन आवश्यक छ । साथै सहजीकरणका बेला रेडप्लससम्बन्धी रचनात्मक छलफल चलाउँदै लैङ्गिक समताका सवाल तथा चासोका कुराहरू उठाउनाले सहभागीको सचेतनामा अभिवृद्धिका हुनुका साथै उनीहरूआफ्ना चासो र आकांक्षा राख्न सक्ने छन् । सहभागीहरू निरक्षर छन् भने श्रव्यदृष्य सामग्रीको प्रयोग गर्नुका साथै तालिम अन्य उचित विधिहरू प्रयोग गर्नुपर्छ ।
- **दोहोरो सिकाइको अभिलेखः** तालिम तथा सचेतना अभिवृद्धिका क्रियाकलाप सञ्चालन गर्ने क्रममा सहभागीहरूले आदानप्रदान गरेका स्थानीयस्तरका उदाहरण तथा लैङ्गिकतासम्बन्धी सिकाइलाई अभिलेख गर्नु आवश्यक छ । भविष्यमा विभिन्न सरोकारवालाहरूका लागि विभिन्न तहमा तालिम तथा सचेतना अभिवृद्धिका कार्यक्रमहरू गर्दा त्यस्ता उदाहरण तथा सिकाइहरू अत्यन्त उपयोगी हुन सक्छन् ।
- **उपयुक्त संस्थासँग सहकार्य गर्नेः** रेडप्लसमा लैंङ्गिक मूलप्रवाहीकरण प्रक्रियाले स्थानीय महिला सरोकारवालाहरूको संस्थागत नेतृत्व विकासका साथै महिला स्वयम् तथा उनीहरूका औपचारिक तथा अनौपचारिक संस्थाहरूको क्षमता अभिवृद्धिको लक्ष्य लिएको हुनुपर्छ । त्यसकारण लैङ्गिकताका सवालमा काम गर्ने स्थानीय साझेदार संस्था पत्ता लगाई तालिम तथा सचेतना अभिवृद्धिका कार्यक्रममा उनीहरूको प्रत्यक्ष र सक्रिय सहभागिता गराउनु आवश्यक हुन्छ। त्यसो गर्नाले संलग्न महिलाहरूको क्षमता विकास हुनगई उनीहरू स्थानीय महिलाको आकांक्षा र चासोलाई राष्ट्रिय रेडप्लस नीति प्रक्रियामा प्रतिनिधित्व गर्नका लागि सक्रिय रूपमा योगदान गर्नसक्ने छन् ।

# प्रश्न १०

## रिकफ्टले सञ्चालन गर्दै आएको रेडप्लसमा स्थानीय सरोकारवालाहरूको क्षमता अभिवृद्धि परियोजनाले लैङ्गिक मूलप्रवाहीकरणलाई कसरी आफ्ना क्रियाकलापमा सम्बोधन गरेको छ ?

दिगो वन व्यवस्थापन तथा उपभोग साथै मानवअधिकार रक्षा र सामाजिक न्यायका सिद्धान्तहरूलाई व्यवहारमा उतार्नका लागि महिला सशक्तिकरण एउटा महत्वपूर्ण अंग हो भन्ने कुरा रिकफ्ट विश्वास गर्छ। त्यसकारण रिकफ्ट नीति तथा कार्यक्रममा लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गरी सामुदायिक वन तथा रेडप्लसमा लैंङ्गिक समानता तथा अधिकार सुनिश्चित् गर्ने कार्यमा प्रतिवद्ध भएर लागेको छ। यसै क्रममा रिकफ्टले रेडप्लसमा स्थानीय सरोकारवालाहरूको क्षमता अभिवृद्धि परियोजनाको अवधारणा बनाउने बेलादेखि नै लैङ्गिक मूलप्रवाहीकरणलाई एकीकृत गरेको छ। परियोजना कार्यान्वयन भएका राष्ट्रहरूमा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्दा लैङ्गिक केन्द्रित गर्ने कुरालाई सुरुदेखि नै यस परियोजनाले योजनावद्ध तरिकाले व्यवस्थित गरेको थियो। रेडप्लस क्षमता अभिवृद्धि कृयाकलापमा लैङ्गिक मूलप्रवाहीकरण गर्नका लागि एक-एक गरेर विभिन्न पहलहरू गर्ने गरिएको छ।

परियोजना कार्यान्वयनमा राष्ट्रिय स्तरमा साझेदारी, सहकार्य तथा संयोजन; स्थानीयस्तरमा क्षमता अभिवृद्धिका लागि रणनीतिक लक्ष्य निर्धारण; स्थानीय भाषामा तालिम सामग्रीको विकास; लक्षित समूहसम्म पुग्ने सञ्चार तथा पैरवी; अनुसन्धान तथा विश्लेषण; र अनुगमन तथा मूल्याङ्कनजस्ता हरेक क्रियाकलापहरूमा लैङ्गिक मूलप्रवाहीकरणका लागि प्रयास गरिएको छ। रेडप्लस क्षमता अभिवृद्धि परियोजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक राष्ट्रमा लैङ्गिकताका सवालमा कार्यरत संस्थासँग साझेदारी विकास गरी परियोजनाका हरेक क्रियाकलापमा लैङ्गिक मूलप्रवाहीकरणका लागि प्रयास गरिएको छ। परियोजनाले तालिम तथा क्षमता अभिवृद्धि क्रियाकलाप सञ्चालन गर्दा प्राप्त सिकाइलाई अभिलेख तथा विश्लेषण गर्दै तालिम सामग्री तथा तालिम र क्षमता अभिवृद्धि क्रियाकलापहरूमा समेत परिमार्जन गर्दै आएको छ। यो प्रश्नोत्तर पुस्तिका पनि यस्तै कार्यको एउटा नमूना हो।

THE CENTER FOR PEOPLE AND FORESTS

**रिकफ्ट-जनता र वनका लागि केन्द्र** रिकफ्टको मुख्य ध्येय एसिया प्रशान्त क्षेत्रका वनयुक्त भू-परिधिमा रहेका स्थानीय समुदायहरूको अधिकार सुरक्षालाई बलियो बनाउने, शासन प्रक्रियामा सुधार गर्ने, तथा न्यायोचित लाभ बाँडफाँड जस्ता कुराहरूमा उनीहरूकै क्षमता अभिवृद्धि गर्नु हो ।

रिकफ्टले वन विकास र वन व्यवस्थापनको दुनियाँमा महत्वपूर्ण तथा विशिष्ट स्थान राख्दछ । यो सामुदायिक वन प्रक्रियामा संलग्न संगठन तथा व्यक्तिहरूको क्षमता विकासमा विशिष्टता राख्ने एक मात्र अन्तर्राष्टिय गैर नाफामूलक संस्था हो । रिकफ्ट एसिया तथा प्रशान्त क्षेत्रका सरकारी तथा गैर सरकारी संस्थाहरू, नागरिक समाज, नीजि क्षेत्र, स्थानीय समुदाय, अनुसन्धान तथा शैक्षिक संस्थाहरू र रणनीतिक सञ्जालहरूसंग सहकार्य गर्दै आएको छ। विगत २५ वर्ष भन्दा बढीको अनुसन्धान तथा विष्लेषण, प्रदर्शन योग्य नमुना स्थानहरूको निर्माण र विविध तालिम सामग्रीहरू उत्पादनका साथ गरिएको क्षमता अभिवृद्धिको तवर तरिका र अन्तर्राष्ट्रिय अनुभवका कारण रिकफ्टले जनता र वनको लागि नयाँनयाँ समाधानका उपाय पस्कदै आएको छ ।

RECOFTC - The Centre for People and Forests
P.O. Box 1111
Kasetsart Post Office
Bangkok 10903, Thailand
Tel (66-2) 940-5700
Fax (66-2) 561-4880
info@recoftc.org
www.recoftc.org

GGCA Global Gender and Climate Alliance Member

Norad